# सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड

## Suryodaya Womi Laghubitta Bittiya Sanstha Limited

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था)

च. नं.: ११००/०८०/८१

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड
काठमाण्डौं ।

मिति : २०८०।१०।२१

**विषय : बोनश शेयर प्रस्ताव गरिएको सम्बन्धमा ।**

महोदय,

उपरोक्त विषयका सम्बन्धमा यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०८० माघ १९ गते शुक्रवार दिउँसो १२:३० बजे शुरु भई साँझ ५:०० बजे सम्म बसेको २१६ औं वैठकले आर्थिक वर्ष २०७९/०८० सम्मको वितरणयोग्य मुनाफाबाट शेयरधनीहरुलाई २०८० असार मसान्तमा कायम **चुक्ता पूँजी रु ९१,०७,८२,५०८/५०** (अक्षरेपी एकानब्बे करोड सात लाख बयासी हजार पाँच सय आठ पैसा पचास मात्र) को **१४.०७७ प्रतिशत बोनस शेयर रु १२,८२,१०,८५३।७२** (अक्षरेपी बाह्र करोड बयासी लाख दश हजार आठ सय त्रिपन्न दशमलव सात दुई रुपैया मात्र) वितरण गर्ने प्रस्ताव गरेको व्यहोरा निर्णय अनुसार जानकारीका लागि अनुरोध गरिन्छ ।

उपरोक्त बमोजिमको प्रस्तावित बोनस शेयर नेपाल राष्ट्र बैंकबाट निर्णय भई आए पश्चात् संस्थाको आगामी हुने साधारण सभामा स्वीकृतार्थ पेश गरिने व्यहोरा अनुरोध गरिन्छ ।

**नोटः**

1. *साविकका दुइवटा लघुवित्त वित्तीय संस्थाहरु एक आपसमा मर्जर गर्ने कार्य सम्पन्न भई मिति २०७८।१२।१९ गते देखि एकीकृत वित्तीय कारोवार शुरुवात गरिएको हुँदा एकीकृत कारोवार भएको मिति देखि दुई वर्ष सम्म लाभांशमा कर छुट हुने व्यवस्थाको कारण बोनस शेयर कर प्रयोजनार्थ छुट्टै रकम नछुट्याइएको । एकीकृत कारोवार शुरुवात भएको मिति भन्दा पछि शेयर खरिद गर्ने शेयरधनीहरुले लाभांश कर वापतको नियमानुसार रकम भुक्तानी गर्नुपर्ने । साथै, यस संस्थाको सर्वसाधारणमा थप सार्वजनिक शेयर निष्काशनको (FPO) प्रक्रियाका क्रममा आगामी २०८०।१२।१८ गते भित्र साधारण सभा हुन नसकेको खण्डमा शेयरधनीहरुले लाभांश कर वापत नियमानुसारको रकम भुक्तानी गर्नुपर्ने ।*
2. *संस्थाको हाल कायम पूँजी संरचना बमोजिम संस्थापक समूहको शेयर स्वामित्व ७०.३६ प्रतिशत तथा सर्वसाधारण तर्फको शेयर स्वामित्व २९.६४ प्रतिशत रहेकोमा सर्वसाधारण तर्फको शेयर स्वामित्व बढाई ३० प्रतिशत पुऱ्याउने प्रयोजनका लागि ४६,७२९.५४५ कित्ता शेयर सर्वसाधारणमा थप सार्वजनिक शेयर निष्काशन (FPO) गर्ने प्रक्रियामा रहेको हुँदा वार्षिक साधारण सभा सञ्चालन प्रयोजनार्थ Book Close भन्दा अगावै उक्त शेयर समायोजन भएमा समायोजित शेयरधनीहरुलाई समेत प्रस्तावित बोनस शेयर वितरण गरिनेछ । थप सार्वजनिक शेयर निष्काशन (FPO) मार्फत थप हुने शेयर सहित हुन आउने चुक्ता पूँजी रु ९१,५४,५५,४६३।- (एकानब्बे करोड चौवन्न लाख पचपन्न हजार चार सय त्रिसट्ठी रुपैया) को प्रस्तावित बोनस शेयर वापतको रकम १४.००५१ प्रतिशत हुने ।*

भवदीय,

प्रमेश आचार्य
कम्पनी सचिव

**बोधार्थ :**

श्री नेपाल धितोपत्र बोर्ड, ललितपुर ।
श्रीं बैंक तथा वित्तीय संस्था नियमन विभाग, नेपाल राष्ट्र बैंक, काठमाण्डौं ।
श्री लघुवित्त संस्था सुपरिवेक्षण विभाग, काठमाण्डौं ।
श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, काठमाण्डौं ।
श्री कुमारी क्यापिटल लिमिटेड, काठमाण्डौं ।